नेपाल सरकार

# गृह मन्त्रालय

पत्र संख्याः-
प्राप्त पत्र संख्या र मितिः-
च.नं.:-

सिंहदरवार,
काठमाडौं, नेपाल ।

मितिः २०७४।०५।०१

## प्रेस विज्ञप्ति

राष्ट्रमा विपत्ती आईपर्दा सबै नेपाली एक भएर सामना गर्नुपर्छ र हामी नेपालीहरुले यस्तो एकता प्रस्तुत गरिरहेका पनि छौं । साथै दुःखको बेला व्यक्तिगत फाइदा लिने, अनियमितता गर्ने, दाताहरुलाई ठग्ने प्रवृति पनि यदाकदा नदेखिएको होइन । भूकम्पको बेलामा दाता ठगिए, राहतको दुरुपयोग भयो, राहत कही आवश्यकता भन्दा बढी भयो त कहीं अभाव भयो, विभिन्न खाताहरु खोलेर रकम उठाइयो र त्यस विषयमा ठूलो हिनामिना भयो भनी नेपालका ठूला राष्ट्रिय दैनिक लगायत सबै इलेक्ट्रोनिक मिडियाहरुले सचेत बनाएका पनि थिए ।

हाल पहाडमा पहिरो, तथा तराई मधेशमा बाढी र डुबानबाट ठूलो जनधनको क्षति भएको सर्वविदितै छ । जनतालाई राहत, उद्धार र पुर्नस्थापनाको आवश्यकता छ । उपर्युक्त कामलाई व्यवस्थित गर्दै विगतमा भूकम्पका बखत भएका समस्याहरु समेत समाधान गर्ने गरी दाताहरुलाई प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा रकम जम्मा गर्न, राहत सामग्रीहरु उपलब्ध गराउन, दाताहरुका लागि सामग्रीहरु जम्मा गर्ने स्थान र सम्पर्क व्यक्ति तोक्न, जिल्ला दैवी प्रकोप उद्धार समिति र स्थानीय सरकार एवं संयत्रहरुसँग सहकार्य र समन्वय गर्न, आफूले दिन चाहेको कुरा सम्बन्धित निकायमा उपलब्ध गराई भरपाई लिन, आवश्यकता अनुरुप समानुपातिक रुपमा वितरण गर्ने व्यवस्था मिलाइएको सर्वसाधारण र सरोकारवालाहरुलाई जानकारी गराइएको छ।

हामी दाताहरु र सामाजिक संघ संस्थाहरुको सहयोग लिन चाहन्छौं । सो सहयोगको व्यवस्थित वितरण गर्न स्थानीय जनप्रतिनिधिहरुसहितको संयत्र र जनप्रतिनिधि निर्वाचित भई नसकेका स्थानीय तहहरुमा साझा संयत्रमार्फत वितरण गर्ने कार्य भईरहेकोमा दाताहरुलाई सहायता दिन रोकिएको अवस्था विद्यमान छैन । अतः बाढी, पहिरो तथा डुबान प्रभावित क्षेत्रका व्यक्ति तथा परिवारलाई सहयोग गर्न चाहने, सेवा गर्न चाहने सम्बन्धित सबैलाई स्थानीय सरकार, जिल्ला दैवी प्रकोप उद्धार समिति, केन्द्रीय दैवी प्रकोप उद्धार समिति र प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा सम्पर्क तथा समन्वय गरी सहयोग गर्न पुनः हार्दिक अनुरोध गर्दछौं । सरकार दाताहरुसँगको सहयोग जनतासमक्ष पुर्याउन, समानुपातिक तथा न्यायोचित वितरण गर्न र कुनै पनि अनियमितता हुन नदिन प्रतिबद्ध छ ।

(रामकृष्ण सुवेदी)
सह-सचिव/प्रवक्ता